# भाग ३

## नेपाल सरकार

## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ९

### बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३

बालबालिका सम्बन्धी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम “बालबालिका सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७५ मा संशोधन** : बालबालिका सम्बन्धी नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७५ को,-

(१) उपनियम (१) को खण्ड (ख) र (त) झिकी खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएको छ :-

“(थ) उपसचिव, मन्त्रालयको सम्बन्धित शाखा हेर्ने - सदस्य-सचिव”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२), (३), (४), (५), (६) र (७) झिकिएका छन्।

३. **<u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७६ को उपनियम (२) मा रहेका "उपाध्यक्ष वा" भन्ने शब्दहरूको सट्टा "कुनै सदस्य वा" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ७७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७७ को उपनियम (४) मा रहेका "परिषद्को उपाध्यक्षले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयको सचिवले" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ७८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७८ को उपनियम (१) र (२) झिकिएका छन्।

६. **<u>मूल नियमावलीमा नियम ८०क. थप</u>** : मूल नियमावलीको नियम ८० पछि देहायको नियम ८०क. थपिएको छ :-

"**८०क. <u>पदमुक्त हुने</u>** : (१) संवत् २०८२ साल चैत १२ गते भन्दा अघि नियुक्त भई परिषद्मा बहाल रहेका उपाध्यक्ष, मनोनीत सदस्य र सदस्य-सचिवको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो नियम प्रारम्भ भएपछि त्यस्तो उपाध्यक्ष, मनोनीत सदस्य र सदस्य-सचिव आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपनियम (१) बमोजिम पदमुक्त भएका उपाध्यक्ष, सदस्य र सदस्य-सचिवलाई मन्त्रालयको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"

**आज्ञाले,**
**राधिका अर्याल**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।